# स्थानीय राजपत्र

## मेल्लेख गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ९ संख्या १३ मिति २०८२ चैत्र ५ गते**

## भाग १

## मेल्लेख गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको **स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५** को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### संवत् २०८२ को ऐन नं १३

### <u>स्थानीय भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास ऐन, २०८२</u>

**<u>प्रस्तावनाः</u>** मेल्लेख गाउँपालिका क्षेत्रका भाषा, संस्कृति, भेषभुसा, स्थानीय मेला पर्व, ललितकला र यस क्षेत्रमा मौलिक पहिचानका बिषयहरुको संरक्षण र विकास सम्बन्धी नेपालको संविधानको

मेल्लेख गाउँपालिका

अनुसूची ८ को सुची नं. २२ मा रहेको अधिकारलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम मेल्लेख गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"स्थानीय भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन गाउँ सभाबाट स्वीकृत भई गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "अध्यक्ष" भन्नाले यस ऐनको दफा ३ बमोजिम परिषद्को अध्यक्षलाई सम्झनु पर्दछ।

(ख) "कला" भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, बास्तुकला ललितकला लगायतका सृजनालाई सम्झनु पर्दछ।

(ग) "तोकिएका वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका र कायविधिमा



मेल्लेख गाउँपालिका

तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(घ) “गाउँपालिका” भन्नाले मेल्लेख गाउँपालिकालाई सम्झनु पर्दछ। “परिषद्” भन्नाले दफा ३ बमोजिम गठित परिषद्लाई सम्झनु पर्दछ।

(ङ) “भाषा” भन्नाले नेपाली भाषा लगायत मेल्लेखमा बोलिने सम्पूर्ण स्थानीय भाषालाई सम्झनु पर्दछ।

(च) “साहित्य” भन्नाले राष्ट्रका हरेक भाषाका गद्यपद्यमा सृजित विविध विधा, श्रव्य, दृष्य, लिखित एवं मौखिक लोक वार्ता समेतलाई सम्झनु पर्दछ।

(छ) “संस्कृति” भन्नाले नेपाली संस्कृतिका विविध पक्षलाई सम्झनु पर्दछ

## परिच्छेद-२

## भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गाउँ परिषद सम्बन्धी व्यवस्था

**३.** **गाउँ भाषा, संस्कृति र ललितकला परिषद्**: गाउँपालिका क्षेत्रभित्रका वौद्धिक सम्पत्ति, भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान र प्रविधिको संरक्षण, सम्वर्द्धन, प्रोत्साहन तथा विकास गर्न देहाय बमोजिमको भाषा, संस्कृति र ललितकला परिषद् रहनेछ।

(क) गाउँपालिका अध्यक्ष वा अध्यक्षले तोकेको कार्यापालिका सदस्य - अध्यक्ष

(ख) कार्यपालिकाद्वारा मनोनित भाषा, कला, संस्कृति क्षेत्रमा बिज्ञता हासिल गरेको व्यक्ति एक जना - उपाध्यक्ष

(ग) सामाजिक विकास समिति संयोजक एक जना -सदस्य

(घ) भाषा तथा सँस्कृति प्रेमी १ जना महिला सहित दुई जना -सदस्य

(ङ) भाषा संस्कृतिको क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधि २ जना अध्यक्षले मनोनित गरेका -सदस्य

(च) वडामा संस्कृति क्षेत्रमा कार्य गरिरहेका वा संस्कृति प्रेमीहरु मध्यवाट वडा समितिको सिफारिसमा प्रत्येक वडाबाट एक-एक जना गरी जम्मा ८ जना - सदस्य

(छ) सामाजिक विकास शाखा प्रमुख कर्मचारी -सदस्य सचिव

४. **परिषदको काम कर्तव्य र अधिकार**: गाउँ परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) स्थानीय तहमा भाषा, लिपी, संस्कृति, सम्पदा संम्वर्द्धन र ललितकलाको संरक्षण तथा विकास सम्बन्धी स्थानीय स्तरको दीर्घकालिन नीति तर्जुमा गरी गाउँ कार्यपालिकामा सिफारिस गर्ने,

(ख) गाउँपालिकाबाट स्वीकृत नितीका अधीनमा रही भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) स्थानीय स्तरका पुरातात्विक धार्मिक महत्वका सम्पदाहरू, भाषा, संस्कृति र ललितकलाको अभिलेख राख्ने र सो बिषयमा अध्ययन अनुसन्धान गर्ने,

(घ) परम्परागत जात्रा पर्वहरूको सञ्चालन र व्यवस्थापन गरी धार्मिक पर्यटन विकासमा सहयोग पुऱ्याउने,

(ङ) गाउँपालिकाको क्षेत्रमा आयोजना गरिने बिभिन्न मेला, महोत्सवहरुको सञ्चालनका लागि अनुमति दिने,

(च) प्रचलित कानुन विरुद्धका कुरीति र कुसंस्कार विरुद्धमा समाजलाई परिचालन गर्ने,

(छ) स्थानीय तहमा भाषा, लिपी, संस्कृति साँस्कृतिक सभ्यता र सम्पदा संवर्धन ललितकला, धार्मिक ऐतिहासिक साँस्कृतिक महत्वका मठ मन्दिर पाटी पौवा धारा, बन जंगल, पानी पधेरो समेतको संरक्षण र विकासको क्षेत्रमा अनुशासित नागरिक तयार गरी धार्मिक सहिष्णुता कायम गर्दै सामाजिक सदभाव बढाउने खालका कार्यक्रम तय गरी स्थानीय नागरिक परिचालन गर्ने सम्बन्धमा आबश्यक नीति निर्धारण गर्ने र लागु गर्ने,

(ज) परिषद्को बार्षिक योजना कार्यक्रम तथा बजेट बनाई कार्यपालिकामा पेश गर्ने,

(झ) भाषा, संस्कृति र ललितकलाको संरक्षण, संम्बर्धन र विकास गर्न बिभिन्न मेला, महोत्सव, गोष्ठी तथा कार्यशालाहरुको आयोजना गर्ने,

मेल्लेख गाउँपालिका

(ञ) गाउँपालिकालाई भाषा, संस्कृति र ललितकलाको संरक्षण, सम्वर्द्धन र विकास गर्न सम्बन्धित विषयमा परामर्श दिने,

(ट) भाषा, संस्कृति र ललितकलाको प्रचारप्रसारका लागि अध्ययन तथा अनुसन्धान गरी बिभिन्न पुस्तक प्रकाशन, चलचित्र वा भिडियो आदिको निर्माण गर्ने, र

(ठ) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासको लागि कानुनले तोकेबमोजिम अन्य आवश्यक ब्यवस्थाहरू गर्ने गराउने ।

५. **परिषद्को बैठक सम्बन्धी ब्यवस्थाः** (१) परिषद्को बैठक बर्षमा कम्तीमा दुई पटक बस्ने छ।

(२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्ने छ।

(३) बैठक बस्ने मिति, समय, स्थान एवम् छलफलका विषयवस्तु सहितको सूचना सदस्य सचिबले कम्तिमा पाँच दिन अगावै विद्युतीय माध्यम वा पत्रद्वारा सदस्यहरूलाई दिनु पर्नेछ।

(४) परिषदमा तत्काल कायम रहेका सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) बैठकको अध्यक्षता संयोजकले गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(६) बैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ।

(७) परिषद् बैठकको निर्णय सदस्य सचिवले संयोजकबाट प्रमाणित गराई सुरक्षित राख्नु पर्नेछ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्णय गरे बमोजिम हुनेछ।

६. **उपसमिति तथा कार्यदल गठन गर्न सक्नेः** परिषद्ले यस ऐन बमोजिमको कुनै कार्य सम्पादन गर्न आवश्यक ठाँनेमा उपसिमिति वा कार्यादल गठन गरी परिचालन गर्न सक्नेछ।

## परिच्छेद-३

## कोष सम्बन्धी व्यवस्था

७. **कोष सम्बन्धी व्यवस्थाः** (१) भाषा, संस्कृति र ललितकलाको संरक्षणका लागि गाउँपालिकामा एक भाषा, संस्कृति र ललितकलाको संरक्षण कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्।

(क) गाउँपालिकाबाट प्राप्त रकम,

(ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ संस्था र व्यक्तिबाट प्राप्त रकम,

मेल्लेख गाउँपालिका

(घ) विदेशी संघ संस्था र व्यक्तिबाट प्राप्त रकम,

(ङ) बिभिन्न प्रतियोगिताहरुबाट पुरस्कार स्वरुप प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम।

(३) गाउँपालिकाले गाउँपालिका क्षेत्रमा रहेका बिभिन्न देवालय, माणु तथा मन्दिरमा श्रद्धालुले चढाएको दान दक्षिणाको रकमको केहि अंश यस दफाबमोजिमको कोषमा बुझाउनु पर्ने गरी निर्णय गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको निर्णय पालना गर्नु सम्बन्धित देवालय, माणु तथा मन्दिर व्यवस्थापनको कर्तव्य हुनेछ।

८. **कोषको सञ्चालन तथा तथा व्यवस्थापनः** दफा ७ बमोजिमको कोष देहायका क्षेत्रमा खर्च गर्न सकिनेछ;

(क) सम्पदा संरक्षण,

(ख) स्थानीय संस्कृति संरक्षणका लागि भेषभुसा तथा संगीत सामाग्रीको व्यवस्थापन

(ग) भाषा, संस्कृति र ललितकलाको अध्ययन अनुसन्धान

(घ) मेला, जात्रा, पर्व सञ्चालन,

(ङ) सामाजिक सद्भाव प्रवर्द्धन,

(च) स्थानीय भाषा, संस्कृति र ललितकलाको प्रचार—प्रसार



मेल्लेख गाउँपालिका

(छ) आवश्यकतानुसार आवश्यक अन्य कार्य

## परिच्छेद-४

## जरिवाना सम्बन्धी व्यवस्था

९. **दण्डनीय हुने:** यस ऐन विपरित कसैले देहायका कार्य गरेमा गाउँपालिकाले जरिवाना गर्न सक्नेछ;

(क) मेला व्यवस्थापन समितिको निर्णय अवज्ञा गरेमा,

(ख) अनुमति विना महोत्सव सञ्चालन गरेमा,

(ग) भाषा, संस्कृति, सम्पदा, स्मारक वा संग्रहालयमा क्षति पुऱ्याउने र तोडफोड वा दुरुपयोग गरेमा

(घ) मेला, जात्रा, पर्व सञ्चालनमा अव्यवस्था, अशान्ति वा मर्यादा विपरीत कार्य गरेमा,

(ङ) मेला व्यवस्थापन समिति दर्ता नगरी मेला/जात्रा सञ्चालन गरेमा र

(च) सामाजिक सद्भाव बिगार्ने, कुरीति कुसंस्कार प्रवर्द्धन गर्ने कार्य गरेमा।

१०. **जरिवाना:** कसैले दफा ९ बमोजिम कार्य गरेमा देहायको जरिवाना गरिनेछ;



मेल्लेख गाउँपालिका

(क) कसूरको प्रकृतिअनुसार रू. एक हजार देखि रू. दश हजार सम्म जरिवाना,

(ख) सम्पदामा क्षति पुऱ्याएमा क्षतिपूर्ति भराउने र पुनःस्थापना गर्न लगाउने, र

(ग) दोहोरिएको वा गम्भीर कसूरमा प्रचलित कानुनअनुसार थप कारबाहीका लागि सिफारिस।

## परिच्छेद-५

## बिबिध

**११.** **स्मारक तथा संग्रहालयः** (१) गाउँपालिका क्षेत्रमा पुरातत्व प्रचीन स्मारक तथा संग्रहालय संरक्षण सम्भार प्रवर्द्धन र विकास गर्नका लागि स्थानीय समुदाय, संघ संस्थाहरुलाई प्रोत्साहन प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापित स्मारक तथा संग्रहालयको व्यवस्थापनका लागि सोको सञ्चालन कार्यबिधि सहित एक व्यवस्थापन समितिको गठन गरी गाउँपालिकामा दर्ता गर्नुपर्नेछ।

(३) यस दफा बमोजिम स्थापित स्मारक तथा संग्रहालय सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिकाले बजेटको व्यवस्थापन गर्न सक्नेछ।

**१२.** **परम्परागत जात्रा पर्वको व्यवस्थापनः** (१) गाउँपालिका क्षेत्रमा मनाइने स्थानीय मेला तथा जात्राहरुलाई मर्यादित र

व्यवस्थित बनाउन स्थानीय समुदायले एक मेला व्यवस्थापन समिति गठन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिको विवरण सम्बन्धित वडा कार्यालयमा पठाउनु पर्नेछ।

(३) यस दफा बमोजिम गठित समितिले मेला व्यवस्थापनका लागि आवश्यक नियम बनाउन सक्नेछ ।

१३. **नियम, कार्यविधि, मापदण्ड बनाउन सक्नेः** यस ऐनमा भएका व्यवस्थाहरुको कार्यान्वयनका लागि आवश्यक पर्ने नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागु गर्न सक्नेछ।

**आज्ञाले**

दिर्घ बहादुर खड्का

नि. प्रमुख प्रशासकीय अधिकृत

मेलम्ची गाउँपालिका